WOREC



# सार्वजनिक स्थानमा हुने महिला बिरूद्धको हिंसा नीतिपत्र

## पृष्ठभूमि

हिंसारहित जीवन यापन गर्न पाउनु प्रत्येक व्यक्तिको मानव अधिकार हो तथापी महिला तथा किशोरी माथि हुने हिंसा विश्वव्यापी सवालको रूपमा रहेको विभिन्न तथ्यांकहरूले पुष्टि गर्दछ । विश्व स्वास्थ्य संगठनले गरेको आंकलनमा विश्वमा हरेक ३ मध्ये १ जना महिलाले आफ्नो जिवनकालमा हिंसा भोग्ने गरेको देखाएको छ । सन् २०१६ को जनसांख्यिकीय स्वास्थ्य सर्वेक्षण अनुसार नेपालमा हरेक ५ जना महिलामा १ जनाले आफ्नो जिवनकालमा शारीरिक हिंसाको सामना गरेको बताएको छ ।

त्यसैगरी सोही सर्वेक्षणका अनुसार शारीरिक वा यौन हिंसाको सामना गरेका १५ देखि ४९ वर्षका महिलाहरूको सहयोग लिने वा माग्ने बानीको प्रतिशत बितरण निम्न प्रकारको रहेको पाइएको छ :

- कहिल्यै सहयोग नलिएका, कसैलाई नभनेका - ६६%
- हिंसा बन्द गर्न सहयोग लिएका - २२%
- कहिल्यै सहयोग नलिएका तर कसैलाई भनेका -१२ %

यही तथ्यलाई हेर्दा पनि लैङ्गिक हिंसाको अवस्था अहिले देखिएको भन्दा धेरै बिकराल हुन सक्छ भनेर भन्न सकिन्छ ।



**महिला विरूद्धको हिंसा भनेको के हो ?**

**महिला विरूद्धको हिंसा भन्नाले सार्वजानिक वा निजी जीवनमा लिंगको आधारमा महिला प्रति शारिरिक, यौनजन्य वा मानसिक क्षति वा पीडा पुर्याउने कार्यलाई जनाउँछ । लिङ्गको आधारमा हुने कुनैपनि प्रकारको पीडाजन्य वा धम्कीपूर्ण व्यवहार, दबाब, करकाप वा स्वेच्छाचारी रूपमा महिलालाई स्वतन्त्रताको उपभोग गर्नबाट वञ्चित गर्ने कुनैपनि कार्य यस भित्र पर्दछ ।**

(संयुक्त राष्ट्रसंघको महिला द्वन्द्व हिंसा उन्मूलन सम्बन्धि घोषणापत्र १९९३ (धारा १) )



नेपालले पनि महिला माथि हुने हिंसा बिरुद्ध तथा हिंसा न्यूनीकरणका लागि विभिन्न गतिविधिहरु सञ्चालन गरिरहेको छ । लैङ्गिक हिंसा सम्बोधनका लागि विभिन्न संयन्त्रहरु पनि निर्माण भएका छन्, यद्यपि प्रभावकारी कार्यान्वयनको अभाव र समाजमा जरो गाडेर रहेको किशोरी तथा महिलालाई हेर्ने नकारात्मक दृष्टिकोणका कारण महिलाहरूले न्याय पाउन सकेका छैनन् । समाजमा ब्यप्त असमान शक्ति सम्बन्ध तथा लैङ्गिक भेदभाव महिला विरूद्धको हिंसाको एक प्रमुख कारणको रूपमा रहेको छ । महिला विरूद्धको हिंसालाई सम्बोधन गर्नका लागि संयक्त रास्ट्र संघको महिला विरूद्धको सबै प्रकारको हिंसा अन्त्य सम्बन्धी महासन्धी (CEDAW) लगायत अन्य थुप्रै मानव अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरूको नेपाल पक्ष राष्ट्र भएको छ र बिनाशर्त महासन्धिहरूमा हस्ताक्षर गरेको छ । यसैलाई आधार मानेर अविभेदको सिद्धान्त र सारभूत समानताको सिद्धान्तलाई अवलम्बन गरेर धेरै नै सकारात्मक नीति, कानून तथा कार्ययोजना पनि निर्माण भएका छन । तेस्तै गरेर नेपालको संविधान, नीतिगत प्रावधान, ऐन, कानून तथा संस्थागत संरचनाहरूको माध्यमहरूबाट पनि महिला विरूद्धको हिंसालाई सम्बोधन गर्ने प्रयास गरिएको पाइन्छ ।

घरेंलु हिंसा, शारीरिक हिंसा, मानसिक हिंसा, आर्थिक हिंसा, यौनजन्य हिंसा लगायत महिला विरूद्धको हिंसाका विविध स्वरूपहरु रहेका छन् जुन महिलाले निजी तथा सार्वजनिक जीवनमा भोग्दै आएका छन् । निजी जीवनमा हुने महिला विरूद्धको हिंसाको तुलनामा सार्वजनिक स्थानमा हुने महिला विरूद्धको हिंसाको सम्बन्धमा छलफल, विमर्श र चिन्तन उल्लेख्य मात्रामा हुन सकेको पाइएको छैन । त्यसै गरी महिला तथा किशोरी माथि सार्वजनिक स्थलमा हुने हिंसालाई उनीहरूको चरित्रसंग जोडेर हेरिने हानिकारक प्रचलन विध्यमान छ । सार्वजनिक स्थानमा हुने हिंसाको घटनाको छुटै अभिलेखीकरण र तथ्याकं विश्लेषण गर्ने परिपाटी नेपालमा देखिएको छैन । अझ धेरैजसो अवस्थामा सार्वजानिक स्थानमा हुने हिंसालाई हिंसाकै रूपमा स्वीकार नगर्ने तथा सामान्य घटना वा परिघटनाका रूपमा लिने गरिएको पाइन्छ । जसोतसो हिंसा विरूद्द आवाज उठाई हालेपनि परिवार, समाज, कानून कार्वान्वयन गर्ने निकायहरु बाट नै अपेक्षित संवेदनशीलता तथा सहयोगको कमी, स्पष्ट कानूनी प्रावधानको अभाव र भएकै कानूनहरूको बारेमा पनि ज्ञान तथा सूचनाको कमीका कारण सार्वजनिक स्थानमा हुने महिला विरूद्का हिंसाका घटनाहरूलाई न्यायोचित सम्बोधन हुन सकेको पाईएको छैन ।

## १. सार्वजनिक स्थालमा हुने महिला विरूद्धको हिंसा सम्बन्धी कानूनी प्रावधान



नेपालको संविधानले हिंसा रहित शान्तिपूर्ण समाजको परिकल्पना गर्नुका साथै संविधानको आधारभूत मान्यता तथा सिद्धान्तको रूपमा सारभूत समानता तथा अविभेद रहेको छ । तेस्तै गरेर संविधानले न्यायको हक अन्तर्गत निष्पक्ष, स्वतन्त्र तथा सक्षम न्यायिक निकायबाट स्वच्छ पुर्पक्षको हक , निःशुल्क कानूनी सहायताको हक, अपराध पिडितको हकको व्यवस्था गर्नुका साथै महिला विरूद्को हिंसालाई मौलिक हकको रूपमा सुनिस्चित गरेको छ । यसका साथै नेपाल सरकारले विभिन्न नीतिगत तथा कानूनी प्रावधानहरूको पनि तर्जुमा गरेको छ । संवैधानिक तथा कानूनी रूपमा निषेध गरिएका हिंसाका स्वरूपहरु निम्न प्रकारका रहेका छनः

- कुनैपनि शारीरिक, मानसिक, यौनिक तथा अन्य

प्रकारका हिंसा ।

- भेदभाव, अमानविय तथा अपमानजनक व्यवहार ।
- जबर्जस्ती विवाह, विवाहमा हुने लेनदेन तथा सम्बन्ध विच्छेद सम्बन्धी ।
- जबर्जस्ती करणी, यौनजन्य हिंसा तथा कार्यस्थलमा हुने हिंसा ।
- हानीकारक व्यवहारहरु : बाल विवाह , छाउपडी, बोक्सीको आरोप ।
- मानव बेचबिखन ।
- एसिड आक्रमण आदी ।

### सार्वजनिक स्थानमा हुने महिला बिरूद्धको हिंसा सम्बन्धमा मुलुकी अपराध (संहिता) ऐन २०७४ मा रहेका केहि महत्वपूर्ण कानूनी प्रावधानहरूः


- सार्वजनिक स्थानमा कसैलाई अभद्र व्यवहार गर्न वा सार्वजनिक स्थानमा महिला, बालबालिका वा शारीरिक रुपमा अशक्त व्यक्तिलाई हातपात वा हैरानी गर्न वा त्यसको उद्योग गर्न हुँदैन । (दफा ११८( १)
- सार्वजनिक रुपमा देहायका कार्य गर्न प्रतिबन्ध लगाएको छ : अश्लिल किताब , रेखाचित्र, चलचित्र, पर्चा, तस्वीर, रेकर्ड बनाउन, मुद्रण गर्न वा प्रकाशित गर्न वा विधुतीय सञ्चार माध्यमबाट प्रचार प्रसार गर्न आदी । (दफा १२१(१)
- सार्वजनिक स्थानमा अश्लिल क्रियाकलाप वा व्यवहार गर्न वा यौनाङ्ग देखाउन वा कसैलाई अश्लिल शब्द बोल्न वा इशारा गर्न हुँदैन (दफा १२२ (१ )
- अपमानजनक वा अमानवीय व्यवहार गर्न वा गराउन नहुने जस्तै :बोक्सा बोक्सीको आरोप लगाउन वा आरोप लगाइ बसोबास गरेको ठाउबाट निकाला गर्न, सामाजिक बहिस्कार गर्न तथा महिलाको रजस्वला वा सुत्केरीको अवस्थामा छाउपडीमा राख्न वा तेस्तै अन्य कुनै किसिमका भेदभाव, छुवाछुत वा अमानविय व्यवहार गर्नु वा गराउनु हुंदैन । (दफा १६८ (१)(३))

### हिंसालाई सम्बोधन गर्ने अन्य केहि प्रमुख कानूनहरु :

- घरेंलु हिंसा (कसुर तथा सजाय) ऐन, २०६६: घरेलु सम्बन्धमा भएको हिंसालाई समेट्दछ र यस ऐनले शारीरिक, मानसिक, लैगिक तथा आर्थिक स्वरूपका हिंसालाई कसुर मानेको छ ।
- कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार (निवारण) ऐन, २०७१ : यस ऐनले औपचारिक कार्यस्थल (सरकारी निकाय, सरकारी पूर्ण वा अर्ध स्वामित्व भएको निकाय वा ऐनबाट स्थापित संगठीत निकाय वा व्यापार व्यवसाय वा सेवा प्रदान गर्न दर्ता वा अनुमति लिएको फर्म, निकाय वा व्यापारिक निकाय) मा हुने यौनजन्य दुर्व्यवहारलाई मात्रै समेटेको छ अन्य प्रकारका हिंसालाई समेटेको छैन ।
- अपराध पिडित संरक्षण ऐन, २०७५ : यो ऐन सबै खालको अपराध पिडितहरूको लागि साभा संरक्षण प्रदान गर्ने उद्श्यले आएको छ र पिडितलाई अपराधबाट पुग्न गएको क्षति वापत क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था रहेको छ ।
- बोक्सीको आरोप (कसुर तथा सजाय ) ऐन, २०७२ : बोक्सीको आरोप महिला बिरूद्द हुने एक निक्रिस्ट प्रकारको हिंसा हो र बोक्सीको आरोप लगाउने कार्यलाई वर्जित गरिएको छ र पिडितलाई क्षतिपूर्ति प्रदान गर्ने व्यवस्था गरेको छ ।
- मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण ) ऐन , २०६४ : मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण गर्ने तथा पिडितलाई संरक्षण र पुनर्स्थापना गर्न यो ऐनको तर्जुमा भएको हो ।
- त्यस्तै गरेर गोपनीयता, श्रम, रोजगार, सार्वजनिक यातायात व्यवस्थापन, विधुतीय कारोबार ऐन जस्ता अन्य ऐनहरूमा पनि केहि सामान्य प्रावधानहरु रहेका छन ।

## २. निष्कर्ष

संविधान लगायत अन्य थुपै प्रचलित कानुनहरूले विभिन्न प्रकारको मानविय व्यवहारलाई प्रतिबन्ध लगाउदै कसुर पनि मानेको छ तरपनि कुनै तेस्तो एउटा कानून अहिलेसम्म तर्जुमा हुन सकेको पाईएन जसले समग्रमा सार्वजनिक स्थानमा हुने महिला विरूद्दका सबै प्रकारका हिंसालाई समेट्न सकोस । सबैजसो कानूनहरु लैङ्गिक हिसाबले तटस्थ रहेको पाईएको छ । तेस्तै गरेर उपलब्ध



प्रचलित नीतिगत तथा कानूनी प्रावधानहरूको अध्ययन गर्दा वास्तवमा महिला विरुद्को हिंसा भनेको के हो? सार्वजनिक स्थानमा हुने महिला विरुद्को हिंसा भनेको के हो? महिला विरुद्को हिंसाका स्वरूपहरु कस्ता कस्ता प्रकारका हुन्छन भन्ने सम्बन्धमा अवधारणागत स्पष्टता हुन जरूरी देखिएको छ र परिभाषा नै पनि उल्लेख गर्नुपर्ने देखिएको छ। तेस्तै गरेर प्रमुख रूपमा लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाहरु विरूद्व हुने गरेको हिंसा र ति समुदायका समस्या तथा चुनौतीहरूका सम्बन्धमा कानून मौन रहेको पाइएको छ ।

महिला विरूद्धका हिंसाका घटनामा भएका कानूनहरूको कार्यान्वयन पनि कानूनको अनविज्ञता वा कम जानकारी , न्याय प्रणाली लैङ्गिक उत्तरदायी र संवेदनशील हुन नसक्नु, कानून कार्यन्वयन गर्ने निकायहरूको लैङ्गिकता प्रतिको सम्बेदनशीलतामा कमी, सार्वजनिक स्थानमा हुने महिला विरूदको हिंसाका घटनालाई सामान्यकारण गरिने, हिंसाका सम्बन्धमा महिलाले भोगेका भोगाईहरूलाई न्याय सम्पादन गर्ने क्रममा मान्यता नदिइने जस्ता कुराहरूले प्रभावकारी हुन नसकेको पाइएको छ। अन्य प्रमुख रूपमा पाईएको चुनौतीहरू यसप्रकार रहेको छ :

- महिला विरूद्ध हिंसाका सम्बन्धमा अस्पस्ट, अपुग तथा छरिएर रहेका कानूनहरु।
- प्रचलित कानूनका बारेमा सम्बन्धित सरोकारवालाहरूको सिमित ज्ञान तथा सूचना ।
- प्रचलित कानूनको कमजोर कार्यन्वयन अवस्था ।
- महिला विरूद्धको हिंसा र सार्वजानिक स्थानको कानूनी रूपमा परिभाषाको कमी ।
- महिला विरूद्धको हिंसा सम्बन्धमा विस्तृत तथा एकिकृत कानूनको अभाव ।
- कानून कार्यन्वयन गर्ने निकायहरूमा लैङ्गिक सम्पादन शीलताको कमी ।
- समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पुरूषवादी चिन्तन, लैङ्गिक भेदभाव, हानीकारक व्यवहार आदी ।

## ३. सुझावहरू

सार्वजनिक स्थानमा हुने महिला विरूद्धको हिंसाको दृष्टिकोणबाट भएका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय नीतिगत एवं कानूनी प्रावधानहरूको अध्ययन, विज्ञ तथा अन्य सरोकारवालाहरु संगको छलफल तथा परामर्शको आधारमा तत्कालको कार्यान्वयन तथा प्रगतिशील कार्यान्वयन गरी दुई चरणका लागि निम्न प्रकारको सुझावहरु प्रस्तुत गरिएका छन् :

तत्काल कार्यान्वयनका लागि प्रस्तुत गरिएका सुझावहरुः




### नीतिगत सुधार

- उपलब्ध कानूनी प्रावधानहरूको उपयुक्त तथा प्रभावकारी कार्यान्वयन गरीनुपर्ने । (जस अन्तर्गत कानूनमा भएका महिला अधिकार र उपलब्ध सेवाहरूको बारेमा उदाहरणको लागि तत्काल प्राप्त हुन सक्ने सेवाहरु, सेवा प्राप्त गर्दा अवलम्बन गरिनु पर्ने कार्यविधि जस्तै घटना उजुरी गर्ने प्रक्रिया, हिंसाबाट पिडित र प्रभावितको गोपनीयता तथा सुरक्षा, क्षतिपुर्ती सम्बन्धी प्रावधान आदी कुरालाई प्राथमिकतामा राखिनु पर्ने ।)
- अपराध पिडित संरक्षण ऐन, कार्यस्थलमा हुने यौनजन्य हिंसा सम्बन्धी ऐन, जातीय भेदभाव तथा छुवाछुत (कसुर तथा सजाय ) ऐन लगायत उपलब्ध कानूनका नियमावलीहरु यथाशिघ्र चाडो तर्जुमा गरिनुपर्ने ।
- संघिय, प्रादेशिक तथा स्थानिय सरकारले सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसाको सम्बोधन गर्दै महिलाको लागि सुरक्षित सार्वजनिक स्थान निर्माण गर्नका लागि हाल भएका कानूनहरूको आधारमा आवश्यक रूपमा नीति, निर्देशिका तथा मापदण्डहरूको तर्जुमा गर्ने कुरामा नेतृत्वपूर्ण भूमिका निर्वाह गरि नुपर्ने ।

### संथागत सुधार

- सार्वजनिक स्थानमा महिला विरूद्व हुने हिंसाका मुद्दाहरूमा लैङ्गिक ऊत्तरदायी अनुसन्धानलाई प्राथमिकताका साथ अगाडी बढाउनु पर्ने ।
- सार्वजनिक स्थानमा महिला विरूद्व हुने हिंसाका घटनाबाट पिडित वा प्रभावितहरूले कानूनबाट



सुनिश्चित गरिएको क्षतिपुर्ती प्राप्त गर्न सहयोग गर्न कानून कार्यान्वयन गर्ने निकायहरूको क्षमता अभिवृद्धी गरिनुपर्ने ।

- लैङ्गिक न्याय र महिलाको न्यायमा पहुँचको दृष्टिकोणबाट तत्काल राहत र उद्दारका सेवाहरूको सुनिश्चितताको लागि कानून कार्यान्वयन गर्ने निकायहरूको क्षमता अभिवृद्धी गरिनुपर्ने ।
- सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसाका घटनाहरूमा महिलाको न्यायमा पहुच सुनिश्चित गर्नका लागि न्याय सम्पादन गर्ने क्रममा उपलब्ध भएका सबै साधनहरु जस्तै : बन्द इजलाश, निरन्तर सुनुवाई, पिडित र साक्षिको सुरक्षा, गोपनीयताको सुनिश्चिता आदिको अधिकतम उपयोग गर्नका लागि कानून कार्यान्वयन गर्ने निकायहरूलाई प्रोत्साहन गर्ने ।
- सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसाका घटनाहरूको सम्बोधनका लागि तोकिएको व्यक्ति सहितको विशेषज्ञ एकाई स्थापनाको लागि कानून कार्यान्वयन गर्ने निकायहरूलाई प्रोत्साहन गर्ने ।
- सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसालाई सम्बोधन गर्न उपलब्ध नीतिगत तथा कानूनी प्रावधानहरूको बारेमा र ति कानूनहरूले तोकिदिएको भूमिका, जिम्मेवारी र कार्यको बारेमा कानून कार्यान्वयन गर्ने निकायहरूलाई अभिमुखीकरण गर्ने ।
- स्थानिय तहमा वार्ड स्तरीय सहयोग डेस्क स्थापना गर्नको लागि नेपाल प्रहरीलाई प्रोत्साहन गर्ने ।
- सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसालाई सम्बोधन गर्न छुटै अपराध अनुसन्धान एकाईको स्थापना गर्ने र अनुसन्धानलाई प्रभावकारी बनाउन ल्याबलाई आधुनिकीकरण गर्ने ।
- सम्बन्धित निकायले सार्वजनिक स्थलमा महिला माथि हुने हिंसाको तथ्यांक व्यवस्थापन, विश्लेषण र सोहि अनुरूप सुरक्षित सार्वजनिक स्थल निर्माणका लागि योजना निर्माण गरि कार्यान्वयन गर्नुपर्ने ।
- कानून कार्यान्वयन गर्ने निकायहरूमा लैङ्गिक उत्तरदायी सेवालाई प्रवर्दन गर्ने र सम्बन्धित जिम्मेवार व्यक्तिको लैङ्गिक उत्तरदायी सेवालाई उसको कार्य सम्पादन सँग जोडेर मुल्यांकन गर्ने परिपाटीको विकास गर्ने ।
- सेवा प्रवाहमा प्रभावित केन्दित दृष्टिकोण र अधिकार मुखी अवधारणाको प्रयोग गर्ने ।

## वकालतको रणनीति



- सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसाको प्रभाव सम्बन्धमा अध्ययन गर्ने ।
- सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसाको सम्बन्धमा त्यस्ता घटना तथा तथ्यहरूको विश्लेषण सहितको प्रमाणमा आधारित वकालत गर्ने ।
- सामाजिक व्यवहार मुल्याङ्कन गर्ने पद्दतिको विकास गर्ने ।
- आफ्नो अधिकारको दाबी लिन सक्ने बनाउनका लागि महिला सशक्तिकरणका कार्यक्रमहरूको आयोजना गर्ने ।
- महिला मानव अधिकार सम्बन्धी कानूनी सचेतना (कानूनी प्रावधान तथा कानून कार्यान्वयन गर्ने निकाय, निकायको सम्पर्क नम्बर तथा तिनीहरूले प्रदान गर्ने सेवाहरूको बारेमा जानकारी) कार्यक्रम विभिन्न समुदायलाई (समुदाय स्तरका विभिन्न समुहहरु महिला मानव आधिकार रक्षकहरु सञ्चार क्षेत्रका व्यक्तिलाई आदी ) लक्षित गरेर सञ्चालन गरिनु पर्ने ।
- सार्वजनिक स्थानमा महिला विरूद्ध हुने हिंसाको सम्बन्धमा बिना कुनै राजनैतिक, जाति, लिंग र समुदायमा आधारित नभई एकताबद्द रूपमा आवाज उठाउनु पर्ने ।

- महिला सशक्तीकरण र निर्णायक तहमा महिला सहभगिता बढाउनु पर्ने ।
- स्थानिय स्तरमा जनचेतना मूलक कार्यक्रमका लागि पुरुष युवाहरु सम्मिलित भएको संजालहरुको स्थापना गर्ने र परिचालन गर्ने ।
- महिला विरुद्धको हिंसा र विकासको सम्बन्ध स्थापित गर्ने ।

## प्रगतिशील रुपमा कार्यान्वयन गर्नका लागि प्रस्तुत गरिएका सुझावहरु :

महिला विरुद्धको हिंसाबाट नेपाली समाज पनि आक्रान्त रहेको परिप्रेक्ष्यमा संविधानले महिला विरुद्धको हिंसालाई संवैधानिक तथा मौलिक हकको रुपमा सुनिस्चित गरिएको भएता पनि महिला विरुद्धको हिंसालाई सम्बोधन गर्नका लागि भनेर अहिले सम्म कुनैपनि छुटै वा विशेष ऐनको तर्जुमा हुन सकेको पाइएन । तसर्थ बिद्यमान नीतिगत तथा कानूनी रुपमा रहेका कमि कमजोरी तथा नसमेटिएका कुराहरुलाई समावेश गरेर लैङ्गिक न्यायको दृष्टिकोणबाट सार्वजनिक स्थानमा हुने हिंसा सहितको महिला बिरुद्धको हिंसा सम्बन्धी एकिकृत कानुनको तर्जुमा गरिनु पर्दछ ।

## महिला विरुद्धको हिंसा सम्बन्धी एकिकृत कानूनमा प्रमुख रूपमा समेटिनु पर्ने पक्षहरू यसप्रकार रहेको छ :

- महिला विरुद्धको हिंसा र सार्वजनिक स्थानमा हुने महिला विरुद्धको हिंसाको परिभाषा ।
- नेपालको परिप्रेक्ष्यमा हुने महिला विरुद्धको हिंसाका स्वरुपहरु ।
- हिंसाका पिडित तथा हिंसाबाट प्रभावित, आश्रीत, परिवार तथा साक्षिहरुको संरक्षण तथा सुरक्षा ।
- महिला विरुद्धको हिंसाका लागि संघ देखी स्थानिय तहसम्म कानून कार्यान्वयन गर्ने निकायहरु निकाय अन्तर्गतको एकाई तथा तोकिदिएको व्यक्ति सहितको काम, कर्तव्य तथा अधिकारको स्पष्ट रुपमा पहिचान ।
- पहुच, सुचना तथा अधिकारको दावी गर्न सक्ने क्षमता सहितको लैङ्गिक उत्तरदायी न्याय सम्पादन सम्बन्धी व्यवस्था ।
- प्रविधिको प्रयोग सहितको सशक्त मुद्दा अनुसन्धान तथा प्रतिवेदन सम्बन्धी व्यवस्था सहित लैङ्गिक न्यायको सुनिश्चितता ।
- स्पष्ट तथा सहज रुपमा क्षतिपुर्ती प्राप्त गर्न सक्ने प्रक्रिया ।
- निरन्तर सुनुवाई , बन्द इजलास तथा fast track कार्यविधिको सुनिश्चितता ।
- महिला विरुद्धको हिंसामा पिडित तथा प्रभावितलाई एकद्धार प्रणालीबाट तत्काल राहत तथा उद्दार लगायतका सेवा प्रवाह, ।
- सेवा प्रवाह गर्दा पिडित प्रभावितको गोपनियतालाई ध्यान दिनुपर्ने ।
- खण्डीकृत (महिला भित्रको अन्तरविविधता ) महिलाका आवस्यकता तथा चुनौती र उनीहरु विरुद्ध हुने महिला हिंसालाई सम्बोधन ।
- महिलाको परिभाषा भित्र यौनिक अल्पसंख्यक महिलाहरुलाई पनि समाबेश गरिनु पर्ने । लिंग (sex) लाई कानूनद्धारा परिभाषित गरिनु पर्ने र यौनिक अल्पसंख्यकलाई पनि समेटिनु पर्ने ।
- महिलाप्रति जवाफदेही, सरल तथा स्पस्ट प्रावधान सहितको कानून बनाईनुपर्ने ।
- महिला तथा किशोरीले भोगेका हिंसात्मक अनुभव तथा भोगाईलाई पनि न्याय सम्पादन गर्ने क्रममा तथा कानूनी कारवाहीको क्रममा प्रमाणको रुपमा लिइनुपर्ने ।
- सार्वजनिक स्थानमा महिला विरुद्ध हुने हिंसाको सम्बन्धमा प्रमाणको भार पिडितलाई नभई आरोपितलाई हुनुपर्ने ।
- महिला, बालिका, अपांगता भएका महिला र लैङ्गिक तथा यौनिक अल्पसंख्यक महिलाका लागि सुरक्षित सार्वजनिक स्थान कसरी बनाउने भन्ने सम्बन्धमा स्पष्ट रणनिति तथा ठोस कार्ययोजना तर्जुमा गरि नुपर्ने ।
- महिलावादी दृष्टिकोणका मुल्य मान्यतामा आधारित महिला विरुद्धको हिंसा सम्बन्धी एकिकृत कानूनको तर्जुमा गरिनुपर्ने ।

निम्न प्रकारका हिंसाका स्वरूपहरु महिला विरुद्धको हिंसाको परिभाषामा समावेश गरिनु पर्दछ :

| महिला विरुद्धको हिंसाको परिभाषामा समेटिनुपर्ने पक्षहरु | सार्वजनिक स्थानको परिभाषामा समेटिनुपर्ने पक्षहरु । |
|---|---|
| • मानसिक, शारीरिक, यौनिक, आर्थिक हिंसा (घरेंलु सम्बन्ध वा अन्य स्वरुपमा )<br>• हानिकारक व्यवहार (बाल विवाह, छौउ पडी, मासिकश्रवको अवस्थामा हुने छुवाछुत, बोक्सा बोक्सीको आरोप, भेदभाव तथा बहिस्करण आदी)<br>• मानव बेचबिखन तथा ओसारपसार<br>• गालीगलौज, अश्लिल, असोभनीय व्यवहार<br>• भेदभाव, अपमानजनक तथा अमानविय व्यवहार<br>• सबै प्रकारका कार्य, गतिविधि तथा व्यवहार जसले महिलाको आत्मसम्मानमा चोट पुऱ्याउदछ ति सबै कार्य, गतिविधि तथा व्यवहार लाई  महिला विरुद्धको हिंसाको परिभाषामा समेटिनु पर्दछ<br>• यौनिकता, जातियता, भौगोलिकता वा अन्यमा आधारित सबै प्रकारका खण्डीकृत स्वरुपका भेदभाव) । | • सरकारी तथा गैर सरकारी कार्यालय<br>• सार्वजनिक यातायातका साधन : बस, ट्याक्सी, हवाईजहाज आदी<br>• मनोरञ्जनात्मक क्षेत्रहरु : रेस्टुरेन्ट, बार, मसाज सेन्टर , सिनेमा घर, पार्कहरु आदी<br>• शैक्षिक संस्थाहरु : कलेज, विद्यालय, सिकाउने तथा तालिम दिने निकायहरु<br>• औधोगिक निकाय तथा अन्य कार्य क्षेत्र (निश्चित पारिश्रमिक लिएर काम गर्ने औपचारिक वा अनौपचारिक कार्यस्थलमा)<br>• सामाजिक सञ्जाल, सञ्चार , साइबर स्पेस आदी<br>• सार्वजनिक बगैचा, धार्मिकस्थल अथवा अन्य स्थान जहाँ सार्वजनिक रूपमा समान तथा सेवाहरु विक्रि बितरण गरिन्छ<br>• सार्वजनिक धारा, कुवा, ताल , चौतारो , रोड, रोडको पेटी, बस पार्क, यात्रु ओर्लने र चड्ने ठाउँ, पुल आदी<br>• नागरिकले प्रदर्शन  र आन्दोलंन गर्ने बस्ने स्थानहरु । |



# बालिका र महिलाहरूका लागि सार्वजनिक यातायात, विद्यालय, बजार, पार्क लगायत सम्पूर्ण सार्वजनिक स्थलहरु सुरक्षित र पहुँचयुक्त बनाऔं ।




WOREC

ओरेक
पो.ब.नं. १३२३३, काठमाडौं, नेपाल
टेलिफोन : (९७७)- ०१-५१८६३७४
हटलाईन : १६६०-०१-७८९१०

FORDFOUNDATION